नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २१७ २०८१ साल चैत १६ गते शनिबार (29 Mar. 2025 Saturday) मूल्य रु. ५/-

*Log in : rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : सार्वभौम जनतालाई रैती ... ३ पृष्ठमा : 'हिंसात्मक गतिविधि बन्द ... ३ पृष्ठमा : भूकम्पपछि बैंकको ...

# राजविराजबाट रात्रिकालिन उडान अन्यौलमा

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत।**



बुद्ध एयरले राजविराजबाट चैत १९ गते देखी दैनिक दुई उडान गर्ने निर्णय अन्यौलमा परेको छ।

२०८१ मंसिर २९ गते संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पसाद पाण्डेले राजविराज विमानस्थलबाट रात्रिकालिन उडानको परीक्षण उडानको प्रारम्भ गरेका थिए। सो परीक्षण उडान पश्चात् राजविराजबाट रात्रिकालिन उडान हुने विश्वास जागेको थियो।

बुद्ध एयरले राजविराजबाट काठमाडौंका लागि दैनिक दिउँसो २ बजेतीर एक मात्र उडान मार्फत सेवा प्रदान गर्दै आएकोमा यात्रुको चाप बढेपछी एउटा थप उडानका लागि मन्त्री पाण्डेले रात्रीकालिन परिक्षण उडानको उदघाटन गरेका थिए।

राजविराज विमानस्थलबाट रात्रीकालिन उडानको परिक्षण सकिएको चार महिना वितिसक्दा पनि रात्रिकालिन उडान संचालनमा आउन नसक्दा स्थानियवासीको यसप्रति चासो बढेको हो।

पछिल्लो पटक चैत १९ अर्थात १ अप्रिलबाट दिनको १२:२५ र साँझ ६ बजे गरी २ वटा उडान राजविराज विमानस्थलबाट काठमाडौका लागि उडान भर्ने समय तालिका सार्वजनिक गरेको थियो। तर शुक्रवार फेरी त्यो मितीमा रात्रीकालिन उडान सेवा शुरु नहुने बुद्ध एयरलाईन्सले जनाएपछि अन्यौलता बढेको छ।

एयर ट्राफिक, नोटम एक्सचेन्ज र फ्लाइटहरुको उडान तालिका लगायतका विषयमा काठमाण्डौ स्थित फ्लाईट विभागबाट अनुमती प्राप्त गर्न ढिलाई भएकोले १ अप्रिलबाट शुरु हुने भनिएको उडान सेवा रोकिएको बुद्ध एयरका स्टेशन म्यानेजर अनिल राजवंशीले जानकारी दिए।

सबै आवश्यक प्रक्रिया पुरा गरेर रात्रीकालिन विमान सेवा शुरु गर्नमा अझै एक देखि डेढ महिना सम्मको.समय लाग्ने उनले बताए।

अहिले सम्म रात्रिकालिन विमान सेवा शुरु नभएको र दिनानु दिन यात्रुको चाप बढ्दै गएकोले यात्रुलाई समस्या भइरहेको उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालु प्रसाद अग्रवालले बताए।

राजविराज विमानस्थलका प्रमुख ध्रुव श्रेष्ठले उडानका लागी सबै कुरा तयारी अवस्थामा रहेको जानकारी दिदै सेवा पटक-पटक उडानको समय सार्दै आएका प्रदायक कम्पनीले नै उडानबारे थप स्पस्ट कारण बताउन सक्ने प्रतिक्रिया दिए।

# प्रदर्शनका क्रममा एक पत्रकारसहित दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत।**

काठमाडौंको तीनकुनेमा राजावादीको प्रदर्शनमा एक पत्रकारसहित दुई जनाको मृत्यु भएको छ।

प्रदर्शनका क्रममा कीर्तिपुर नगरपालिका ४ घर भएका सबिन महर्जन रहेको गृह मन्त्रालयका सहसचिव छवि रिजालले जानकारी दिएका छन्।

२९ वर्षीय महर्जन दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' र नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागी संयुक्त जनआन्दोलन समिति'ले आयोजना गरेको प्रदर्शनमा सहभागी थिए। प्रदर्शनस्थलमा तनाव भएसँगै प्रहरीले गोली चलाएको थियो।

यस्तै काठमाडौंको तीनकुनेमा राजवादी समूहको प्रदर्शन स्थलमा भेटिएको शव पत्रकार सुरेश रजकको पुष्टि भएको छ। शुक्रवार दिउँसो आगजनी भएको घरसँगै शव भेटिएको थियो। रजक एभिन्युज टेलिभिजनमा कार्यरत थिए।

रजक दुर्गा प्रसाई नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' र नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति'ले आयोजना गरेको प्रदर्शनको दृश्य खिच्न तीनकुनेमा गएका हुन्। प्रदर्शनस्थलमा तनाव भएसँगै प्रहरीले गोली चलाएको थियो।

# सिरहा घटना बारेमा प्रहरीले सरकारी वकिललाई बुझायो प्रतिवेदन

**दैनिक समाचारदाता**
**सिरहा, १५ चैत।**

सिरहाको औरही गाउँपालिका-५ मा महायज्ञका नाममा जातीय विभेद गरिएको घटनाको अनुसन्धान प्रतिवेदन प्रहरीले सरकारी वकिलको कार्यालयलाई बुझाएको छ। जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी मुद्दाको छ दिनमै अनुसन्धान सकाएर प्रहरीले बिहीबार प्रतिवेदन सरकार वकिललाई बुझाएको हो।

अनुसन्धान प्रतिवेदन प्राप्त भएको र त्यसको अध्ययन गर्ने काम भइरहेको जिल्ला न्यायाधिवक्ता राजेन्द्र बस्नेतले जानकारी दिए। अध्ययनपछि उक्त प्रतिवेदन अदालतमा अभियोगपत्रका रुपमा दायर गरिने उनले बताए।

औरहीका दलित समुदायका दीपक मल्लिकको घर भत्काएको घटनामा यही चैत ९ गते साँझ गाउँपालिकाका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादव पक्राउ परेका थिए। त्यसपछि चैत १० गते प्रहरीले उनीहरूसँगै बजरङ्गी बाबाविरुद्ध पीडितसँग जाहेरी लिएको थियो।

यही चैत १७ देखि आयोजना हुने भनिएको महायज्ञका नाममा गत फागुन

*बाँकी तीन पृष्ठमा*

# जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीको ८ गाडीमा आगजनी

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत।**

पूर्वराजाको समर्थनमा प्रदर्शनमा उत्रिएकाहरुले जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीको ८ वटा गाडीमा शुक्रबार आजगनी गरेका छन्।

गृह मन्त्रालयका सहसचिव छवि रिजालले कम्पनीको कार्यालयमा परिसरमा ८ वटा सवारीमा आगजनी गरेको पत्रकार सम्मेलन गरेर जानकारी दिए।

प्रदर्शनकारीहरुले जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीको कार्यालयमा पनि आगजनी गरेका छन्। कानुन हातमा लिनेलाई नियन्त्रणमा लिएर कारवाही गरिने सहसचिव रिजालले जानकारी दिए।

# मुख्यमन्त्री सिंहद्वारा राजमार्गका होटल अनुगमन

धनुषा, १५ चैत (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले धनुषा जिल्लास्थित राजमार्ग आसपासको रात्रिकालीन होटलको अनुगमन गर्नुभएको छ।

स्थानीय लालगढ बजारमा सञ्चालित होटलमा बासी तथा गुणस्तरहीन खाना खुवाउने गरिएको र खानाको शुल्क महँगो लिने गरेको भन्ने गुनासो आइरहेका सन्दर्भमा मुख्यमन्त्री सिंह नेतृत्वको उच्चस्तरीय सरकारी टोलीले बिहीबार राति होटलहरूको अनुगमन गरेको हो।

निजी नम्बरप्लेटको माइक्रोबसमा सादा पोसाकमा खटिएका सुरक्षाकर्मीसहित मुख्यमन्त्री नेतृत्वको उच्चस्तरीय अनुगमन टोलीले यात्रुलाई खाना खुवाएबापत विशेषगरी सार्वजनिक बस तथा माइक्रोबस चालक तथा परिचालकलाई दिइने 'कमिसन'बापतको रकम र त्यो दिने तरिकालगायत विषयमा होटल सञ्चालकसँग कुराकानी गर्नुभएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ।

त्यसक्रममा सञ्चालकले खाना खाने यात्रुको सङ्ख्याका आधारमा दैनिक, साप्ताहिक, मासिक वा दुवै पक्षबीचको सहमतिअनुसार निश्चित दिनको अन्तरमा 'कमिसन' दिनुपर्ने चलन रहेको मुख्यमन्त्री सिंह नेतृत्वको टोलीलाई बताउनुभयो।

यसअघि जनकपुरधामबाट

*बाँकी तीन पृष्ठमा*

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यस इम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८१ चैत्र २२ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकर्ता (महिला) | छिन्नमस्ता गापा, सप्तरी | १ | HA / Staff Nurse |

**द्रष्टव्य:**

१. उमेर १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको।
२. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com, मार्फत पनि पठाउन सकिनेछ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हाल सालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वाताको लागी सम्पर्क गरीनेछ।
५. अनुभवी तथा स्थानीयलाइ विशेष प्राथमिकता दिइनेछ।
६. तलब भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ।

# 'आगामी बजेट उत्कृष्ट बनाउन सबैको सहकार्य आवश्यक छ'

काठमाडौं, १५ चैत (रासस)।

खानेपानीमन्त्री प्रदीप यादवले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटलाई प्रभावकारी बनाउन सबैको सहकार्य र समन्वय आवश्यक पर्ने बताउनुभएको छ।

शुक्रवार सिंहदरबारस्थित खानेपानी मन्त्रालयमा मातहतका निकायसँग 'चालु आर्थिक वर्षको पुँजीगत खर्च र आगामी आवको बजेट तथा कार्यक्रम तर्जुमा'सम्बन्धी बैठकमा उहाँले बजेट प्रभावकारी बनाउन आवश्यकता अनुसार समन्वय गर्न मातहतका निकायलाई आग्रह गर्नुभयो।

मन्त्री यादवले भन्नुभयो, "स्थानीय तहबाट प्राप्त सुझावलाई ग्रहण गरौं, योजना तथा कार्यक्रमलाई उत्कृष्ट बनाउन ठोस योजना अघि सारौं।" आगामी आवका लागि मन्त्रालयले अघि सारेका नीति तथा कार्यक्रम एवं बजेट तर्जुमा र प्राथमिकताका विषयमा स्थानीय सरकार, खानेपानी उपभोक्ता महासङ्घलगायत निकायको महत्त्वपूर्ण भूमिका रहनेमा उहाँले जोड दिनुभयो।

मन्त्री यादवले उपभोक्ता, महासङ्घलगायत सरोकार भएकाको सुझावका आधारमा मन्त्रालयले आगामी आवको कार्यक्रम र प्राथमिकता तय गर्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "तराई-मधेसका २२ जिल्लामा खानेपानीको समस्या हुँदै आएको छ, त्यसको दीर्घकालीन समाधान खोज्न आवश्यक छ।"

मन्त्री यादवले पछिल्लो समय पहाडी र हिमाली जिल्लामा खानेपानीको समस्या देखिएकाले नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानीका लागि योजना बनाउनुपर्ने बताउनुभयो। "हामीले विशेष टोली गठन गरेर मेहनतका साथ योजना बनाउनुपर्दछ", उहाँले भन्नुभयो, "उपभोक्ता, खानेपानी महासङ्घलगायत सरोकार भएकासँग छलफल गरी सुझाव र सल्लाह लिनु जरुरी छ। खानेपानीको समस्या समाधान हुनेगरी योजना बनाऔं।"

मन्त्री यादवले बजेटको सिलिङ घटेको बताउँदै विनियोजन भएको बजेट खर्च नहुनु दुःखद विषय भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "बजेटको सिलिङ घट्यो भन्दै हामी दुःख मनाउँदैछौं, तर विनियोजन भएको बजेट खर्च गर्न नसक्नुको कारण के हो ? कुनकुन पक्ष जिम्मेवार हो, यी विषयमा छलफल गरी आगामी वर्ष प्रभावकारी कार्यान्वयनमा जोड दिनु जरुरी छ।"

मन्त्रालयका सचिव इन्जिनियर प्रमिलादेवी शाक्य बज्राचार्यले खानेपानी नपुगेका ठाउँमा पानी पुर्याउनु मन्त्रालयको पहिलो आवश्यकता र प्राथमिकता रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "पानी नपुगेका ठाउँमा पानी पुर्याउन र निर्माण सम्पन्न भएका आयोजनामा पानी प्रशोधन गर्न आवश्यक छ। त्यसतर्फ हामीले ध्यान केन्द्रित गर्नुपर्छ।"

कार्यक्रममा मन्त्रालयका सहसचिवद्वय रामबाबु पुरी, रमाकान्त दुवाडी, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इन्जिनियर रामकुमार श्रेष्ठ, उपमहानिर्देशक रामचन्द्र काफ्लेलगायत विभिन्न महाशाखा प्रमुखहरूको सहभागिता थियो।

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सार्वभौम जनतालाई रैती बनाउने प्रयास असफल पारिन्छ : अध्यक्ष दाहाल

काठमाडौं, १५ चैत (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सार्वभौम भइसकेका नेपाली जनतालाई फेरि रैती बनाउने प्रयास कुनै हालतमा पनि सफल हुन नदिइने बताउनुभएको छ। समाजवादी मोर्चा नेपालले आज राजधानीमा आयोजना गरेको जनसभालाई सम्बोधन गर्दै उहाँले जनताको सङ्घर्षको बलमा प्राप्त उपलब्धिलाई कमजोर पार्न नदिइने स्पष्ट पार्नुभयो।

"सङ्घीय लोकतान्त्रिक गणतन्त्र हजारौं सहिद र बेपत्ता योद्धा तथा लाखौं नागरिकको सपना हो, यसलाई कमजोर पार्न दिइने छैन", अध्यक्ष दाहालले भन्नुभयो, "सामन्ती व्यवस्थाको अवशेषविरुद्ध आन्दोलनको नेतृत्व गर्ने मोर्चाको सङ्कल्प छ।" गणतन्त्रवादीले गरेको कमीकमजोरीका कारण प्रतिक्रियावादीले केही लाभ लिएको उल्लेख गर्दै वर्तमान सरकारले आफ्नो कार्यशैली सुधारेर जनअपेक्षा पूरा गर्नतर्फ केन्द्रित हुन सुझाव दिनुभयो।

संविधानसभाबाट जारी संविधान कार्यान्वयनमा देखिएको कमजोरी सच्याएर जानुपर्नेमा जोड दिँदै अध्यक्ष दाहालले संशोधन अगावै राजनीतिक शक्तिबीच व्यापक छलफल आवश्यक रहेको बताउनुभयो। "सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न, महिला, दलित, आदिवासी जनजातिलाई थप अधिकार प्रदान गर्न संविधान संशोधन गर्न सकिन्छ", उहाँले भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले ठूलो सङ्घर्षबाट जनता स्वाधीन र सार्वभौमसत्ता सम्पन्न भएकाले वंशको दासत्व कुनै हालतमा स्वीकार्य नरहेको बताउनुभयो। "कसैले वंश शासन ल्याउने खोजे ठूलो मूल्य चुकाउनुपर्छ", उहाँले भन्नुभयो, "देश र जनताको भलो नगरेको राजतन्त्र कुनै पनि हालतमा फर्कँदैन।"

जनचाहना पूरा गर्नेतर्फ आफ्नो ध्यान केन्द्रित गर्न सरकारलाई सुझाव दिँदै अध्यक्ष नेपालले जनअपेक्षा पूरा गर्न नसक्दा असन्तुष्टि पैदा भएको टिप्पणी गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले जनताको सङ्घर्षको बलमा परास्त भएका शक्ति फेरि जुर्मुराउने प्रयास गरिरहेको उल्लेख गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रबाट पछाडि फर्कने विषय कुनै हालतमा स्वीकार्य नभएको बताउनुभयो। "जनतालाई सामन्ती व्यवस्थाको खाँचो छैन, फेरि पनि जनतालाई उत्पीडनमा पर्न दिँदैनौं", उहाँले भन्नुभयो, "अबको यात्रा पश्चगमन नभई अग्रगमन हो।"

महासचिव चन्दले किसान, मजदुर, युवा, विद्यार्थीलगायत आमनागरिकले भोग्दै आएको समस्या समाधान गरेर जान सरकारलाई सुझाव दिनुभयो।

नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रराय यादवले प्रतिगामी शक्तिहरूले द्वन्द्व निम्त्याएर मुलुकलाई अप्ठ्यारोमा पार्न चाहेको जिकिर गर्नुभयो। उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायको प्रत्याभूति गराउन गणतन्त्रवादी शक्तिहरू एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो।

माओवादी केन्द्रका उपाध्यक्ष पम्फा भुसालले सार्वभौम अधिकारप्राप्त आमनागरिक कोही पनि राजतन्त्रको पक्षमा नरहेको बताउनुभयो। आमसभाअघि समाजवादी मोर्चाले काठमाडौंको विभिन्न स्थानबाट जुलुस निकालेको थियो।

# विकास सुरु गर्नुअघि अनुसन्धान हुन आवश्यक छ : मन्त्री गुरुङ

काठमाडौं, १५ चैत (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले विकासका कार्य प्रभावकारी र सफल बनाउन अनुसन्धानको पाटोलाई सँगै लैजानुपर्ने बताउनुभएको छ।

नेपाल 'फेमिली कोर्ट स्टडी'ले आज काठमाडौंमा आयोजना गरेको कार्यक्रममा सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले अध्ययन अनुसन्धान नगरी हचुवाका भरमा विकास निर्माण तथा योजना तर्जुमा गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने बताउनुभयो। उहाँले कुन ठाउँमा के विकास गर्ने, कसरी गर्ने र त्यसको दीर्घकालीन प्रभाव के हुन्छ भन्ने विषयमा न्यूनतम जाँचबुझ तथा अनुसन्धान हुनुपर्नेमा जोड दिनुभयो।

शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा अनुसन्धान विधि अति आवश्यक रहेको उल्लेख गर्दै मन्त्री गुरुङले भन्नुभयो, "हामी कहाँ हचुवाका भरमा विकास हुन्छ, सम्बन्धित विषयमा अनुसन्धान गरेर योजना बनाउने अभ्यासको कमी छ, अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा अघि बढे सफल भइन्छ।"

सरकारद्वारा प्रस्तुत बजेट, नीति तथा कार्यक्रमलाई सफल बनाउन स्पष्ट योजना तथा लक्ष्य पहिचान गरी बजेटको सिलिङ निर्धारण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। कार्यक्रममा स्वास्थ्यसम्बन्धी अनुसन्धानात्मक गतिविधि र विभिन्न स्वास्थ्य अवस्थामाथि छलफल गरिएको थियो।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**

# हिंसात्मक गतिविधि बन्द गर्न आयोगको आग्रह

काठमाडौँ, १५ चैत (रासस)।

राष्ट्रिय मानवअधिकार आयोगले आन्दोलनरत पक्षलाई हिंसात्मक गतिविधि बन्द गर्न आग्रह गरेको छ। आयोगका प्रवक्ता डा टिकाराम पोखरेलले आज जारी गर्नुभएको विज्ञप्तिमा आन्दोलरत पक्षलाई आफ्ना प्रदर्शन र कार्यक्रमलाई शान्तिपूर्ण बनाउन आग्रह गर्दै हिंसात्मक गतिविधि बन्द गर्न अनुरोध गर्नुभएको हो।

उहाँले कुनै पनि बहानामा हिंसात्मक गतिविधि र अरुको अधिकारको उपभोगमा अवरोध गर्ने कार्य स्वीकार गर्न नसकिने भन्दै सरकारलाई हिंसात्मक कार्यमा संलग्न जोकोहीलाई कानुनी दायरामा ल्याइ कारबाही गर्न आग्रह गरेको छ।

"समाजवादी मोर्चामा संलग्न विभिन्न राजनीतिक दल र राजतन्त्र समर्थक विभिन्न राजनीतिक दल र सङ्गठनहरुले आज चैत १५ गते उपत्यकामा गरेको प्रदर्शन र आमसभाको आयोगले चार वटा उच्चस्तरीय टोलीहरू बनाइ अनुगमन गरेको थियो", उहाँले भन्नुभएको छ, "काठमाडौँको तीनकुनेमा राजतन्त्र समर्थकद्वारा भएको प्रदर्शन र आमसभा हिंसात्मक हुन पुगेको अनुगमनबाट पाइएको छ।"

आयोगले अनुगमन गर्दा प्रदर्शनकारी तीनकुनेबाट प्रहरीको घेरा तोडी निषेधित क्षेत्र नयाँवानेश्वरतर्फ प्रवेश गर्न खोज्दा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको, प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गा प्रहार गरेको, व्यक्तिको घरमा ढुङ्गा हान्ने र आगजनी गर्ने काम गरेको पाइएको जनाइएको छ।

आयोगले झडपमा परी प्रहरी र प्रदर्शनकारी दुवैतर्फ घाइते भएका छन्। प्रदर्शनकारीले तीनकुने क्षेत्रमा सञ्चारमाध्यमका भवन, कलेजका भवन, तथा व्यक्तिगत घरमा आगजनी र आक्रमण गर्नुका साथै आगो निभाउन हिँडेका दमकल तथा सशस्त्र प्रहरीको गाडीमा समेत ढुङ्गा प्रहार गरेका आयोगले जनाएको छ।

आयोगका प्रवक्ता डा पोखरेलले अनुगमनका क्रममा हिँडेको आयोगको अनुगमन टोलीमाथि प्रदर्शनकारीबाट कोटेश्वरमा साङ्घातिक आक्रमण गरी अनुगमन टोलीमा संलग्न कर्मचारीलाई घाइते बनाएका बताउनुभयो।

"प्रहरीले भीड नियन्त्रण गर्न पानीका फोहराको प्रयोग र हवाइ फायर गरेको तथा व्यक्तिको निजी आवास प्रयोग गरी अश्रु ग्यास प्रहार गरेको देखिएको छ," उहाँले भन्नुभएको छ।

आयोगले शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने मानव अधिकारको विषय भएता पनि आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा असर पार्नु मानव अधिकारको मूल्यमान्यता विपरीत हुन जाने बताएको छ।

# 'विदेशी लगानी भित्र्याउन लगानीमैत्री वातावरण आवश्यक'

काठमाडौँ, १५ चैत (रासस)।

नेपालमा विदेशी लगानी भित्र्याउन लगानीमैत्री वातावरण निर्माण आवश्यक भएकामा जानकारहरूले जोड दिएका छन्।

संसदीय अध्ययन तथा विकास संस्थापनद्वारा बिहीबार यहाँ आयोजित 'चीन र भारतमा जापानको आधिकारिक विकास सहयोग र विदेशी लगानीः नेपालका लागि सीप र रणनीतिक अन्तरदृष्टि' अन्तरक्रियामा वक्ताहरूले विदेशी लगानी भित्र्याउन लगानीमैत्री वातावरणको नयाँ दृष्टिकोणको आवश्यक भएको बताए।

जापानको कोनान विश्वविद्यालयको व्यवस्थापन तथा नीति अध्ययन विभागमा प्राध्यापक मनोजलाल श्रेष्ठले नेपालमा जापानी लगानी प्रोत्साहन गर्न कानुनी र संस्थागत सुधारको आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, "कानुनी राज्यको ह्रास देखिनु जापानी लगानीकर्ताका लागि अप्रिय हो, हामी लगानीका लागि ध्यान केन्द्रित गर्न सकिरहेका छैनौ। विकासका लागि अर्जुन दृष्टि चाहिन्छ।" प्रा डा श्रेष्ठले ठूला अर्थतन्त्र भएका चीन र भारतको अर्थतन्त्रसँग नेपाललाई जोड्ने रणनीतिक र भरपर्दो लगानी गन्तव्यका रूपमा स्थापित गर्ने सकिने सम्भाबनाबारे चर्चा गर्नुभयो।

"दुई ठूला देशबाट नेपालले लाभ लिन सकेको छैन", प्राध्यापक श्रेष्ठले भन्नुभयो, "नेपालमा विदेशी कम्पनीको आगामन आवश्यक छ।" उहाँले नेपालले जापान सरकारको आर्थिक र प्राविधिक सहयोग लिन विदेशी कम्पनीलाई भित्र्याउन सक्नुपर्ने राय प्रस्तुत गर्नुभयो।

प्रा डा श्रेष्ठले चीन र भारत दुवैले विगत दुई दशकदेखि जापान सरकारबाट प्राप्त गर्ने प्रत्यक्ष वैदेशिक लगानीमा आफ्नो ध्यान केन्द्रित गर्दै गरिरहेकोबारे पनि चर्चा गर्नुभयो।

संसदीय अध्ययन तथा विकास संस्थापनका अध्यक्ष दीपकुमार उपाध्यायले 'बी टु बी' लाई जोड दिँदै जापानी लगानीमार्फत नेपालले गुणस्तरीय कृषिजन्य उत्पादनलाई विश्वबजारमा पुऱ्याउन प्रयास थाल्नुपर्ने बताउनुभयो। पूर्वमन्त्री एवं राजदूत समेत रहनुभएका उपाध्यायले हाइ भ्यालु भएका उत्पादनमा लगानी बढाउनुपर्नेमा जोड दिनुभयो। त्यसअवसरमा पूर्वमन्त्री भक्तबहादुर बलायरले सम्भावनायुक्त क्षेत्रमा विदेशी लगानी आवश्यक भएको बताउनुभयो।

***मुख्यमन्त्री...***

सुरु भएको होटल अनुगमन कार्यलाई निरन्तरता दिँदै उच्चस्तरीय सो टोली लालगढ पुगेको बताइएको छ।

सो अनुगमनका क्रममा अधिकांश होटलका भान्साघर फोहर देखिएको, दालमा दाना नभई बेसार-पानी रहेको, सागसब्जी नकेलाई पकाइएको, माछामासु पकाइएको समय एकिन गर्न नसकिएको तथा होटलमा अत्यधिक भीडका कारण कसले के खाए भन्ने ठम्याउन नसकिने अवस्था रहेकाले नखाएको वस्तुका पैसा तिर्न ग्राहक बाध्य हुनुपरेको साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका प्रमुख सन्तोष साहले जानकारी दिनुभयो।

***सिरहा...***

१० गते अछूत भन्दै महायज्ञस्थलमा रहेको दिपक मल्लिकको घर भत्काइएको थियो। गाउँपालिका अध्यक्ष, पूर्ववडाध्यक्ष र बजरङ्गी बाबाले डोजर लगाएर भत्काइदिएको भनेर घटना सार्वजनिक भएको थियो।

यसअघि घटनाबारे संवेदनशील नभएको भन्दै गृह मन्त्रालयले सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाललाई मन्त्रालय तथा जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितलाई प्रहरी प्रधान कार्यालय तानेको थियो।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

## विश्व समाचार

### भूकम्पपछि बैंककको ३० तले भवन ढल्दा ४३ जना फसे

बैंकक, १५ चैत (रासस/एएफपी)।

म्यान्मामा केन्द्रविन्दु बनाएर शुक्रबार गएको ७.७ म्याग्निच्युडको शक्तिशाली भूकम्पबाट बैंककमा एक सरकारी कार्यालयका लागि निर्माणाधीन ३० तले भवन ढल्दा ४३ श्रमिक फसेको प्रहरी र चिकित्सकहरूले जानकारी दिएका छन्।

थाई राजधानीको उत्तरी भेगमा रहेको यो भवन केही सेकेन्डमा भग्नावशेष र धातुको घुमाउरो गुच्छामा परिवर्तन भएको थियो।

शुक्रबार दिउँसो सागिङ सहरको उत्तरपश्चिममा ७.७ म्याग्निच्युडको भूकम्प गएको अमेरिकी भूगर्भीय सर्वेक्षणले जनाएको छ। केही मिनेटपछि सोही क्षेत्रमा ६.४ म्याग्निच्युडको भूकम्प गएको थियो।

यसैबीच थाइ अधिकारीहरूले बैंककमा आपत्कालीन अवस्था घोषणा गरेका छन्। म्यान्मामा केन्द्रीत भूकम्पले बैंकक सहरलाई आक्रान्त पारेपछि प्रधानमन्त्री सिनावात्राले शुक्रबार आपत्कालीन अवस्था घोषणा गरिएको बताउनुभयो।

भूकम्पपछि बैंककका विभिन्न भवनहरूमा क्षति पुगेको सूचना छ, जसमध्ये सहरको उत्तरी भेगमा एउटा ३० तले निर्माणाधीन भवन ढलेको थियो।

### भूकम्पपछि म्यान्माको जुन्टाद्वारा अन्तर्राष्ट्रिय सहयोगका लागि आग्रह

न्यापिडो, १५ चैत (रासस/एएफपी)।

म्यानमारको शासक जुन्टाले शुक्रबार देशमा ठूलो भूकम्प आएपछि दुर्लभ रूपमा अन्तर्राष्ट्रिय मानवीय सहायताको लागि आग्रह गऱ्यो र छ क्षेत्रमा आपतकालीन अवस्था घोषणा गऱ्यो।

एएफपी पत्रकारहरूले जुन्टा प्रमुख मिन अउङ ल्हाइङलाई नायप्यिडाउको अस्पतालमा देखे, जहाँ ७.७ म्याग्निच्युडको भूकम्पपछि घाइतेहरूको उपचार गरिँदै थियो।

"हामी चाहन्छौं कि अन्तर्राष्ट्रिय समुदायले सम्भव भएसम्म चाँडै मानवीय सहायता गर्नुपर्छ," जुन्टा प्रवक्ता जा मिन टुनले अस्पतालमा एएफपीलाई भने।

घाइतेको संख्या अझै पत्ता लाग्न बाँकी छ, तर संघीय सरकारले सहायताको लागि आग्रह गर्नु - जुन प्राकृतिक विपत्तीपछि उसले कहिलेकाहीँ मात्र गर्छ - यसले क्षतिको स्तर ठूलो हुन सक्ने संकेत गर्छ।

जुन्टाले एक विज्ञप्तिमा भनेको छ कि सबैभन्दा बढी प्रभावित छ वटा क्षेत्रहरूमा आपतकालीन अवस्था लागू छः सागाइङ, मन्दलाय, मगवे, उत्तर-पूर्वी शान राज्य, नायप्यिडा र बागो। जा मिन टुनले भने कि मन्दलाय, नायप्यिडा र सागाइङमा बिरामीहरूका लागि रगत दान आवश्यक छ।

### बङ्गलादेशका प्रर्व प्रधानमन्त्री हसिनाविरूद्ध सरकारविरूद्ध षड्यन्त्र गरेको आरोप

ढाका, १५ चैत (रासस/एएफपी)।

बङ्गलादेशी प्रहरीले पूर्व प्रधानमन्त्री शेख हसिनाविरुद्ध अन्तरिम सरकारविरूद्ध षडयन्त्र गरेको आरोपमा नयाँ फौजदारी मुद्दा दायर गरेको शुक्रबार जनाएको छ।

गत अगष्टमा विद्यार्थी नेतृत्वको क्रान्तिमा सत्ताच्युत भएपछि हसिना अहिले छिमेकी मुलुक भारतमा निर्वासित अवस्थामा हुनुहुन्छ।

पूर्व प्रधानमन्त्री हसिना र उहाँको अवामी लिग पार्टीका शीर्ष नेता तथा कार्यकर्ता वफादारहरू विरुद्ध धेरै आपराधिक अभियोगहरू जारी गरिएका छन्। हसिना नेतृत्वमा रहँदा सुरक्षा बलहरूले गत वर्षको विद्यार्थी आन्दोलनका समयमा सयौँ प्रदर्शनकारीहरूको हत्या गरेको थियो।

गत डिसेम्बरमा अवामी लिगका करिब ६०० सदस्यको उपस्थितिमा भएको भर्चुअल बैठकमा हसिनालाई सत्तामा फर्काउने उद्देश्यले 'बंगलादेशमा गृहयुद्ध छेड्ने' षड्यन्त्र रचेको प्रहरीले उल्लेख गरेको छ।

"देशभित्र र बाहिर रहेका अवामी लिग समर्थक धेरैले अन्तिम अवस्थासम्म लडाइँ जारी राख्ने प्रतिबद्धता जनाएका हसिनाविरूद्धको मुद्दामा उल्लेख गरिएको छ।

प्रहरी प्रवक्ता जसिम उद्दीन खानले एएफपीसँग कुरा गर्दै सुरुमा हसिना र अन्य ७२ जनाविरुद्ध आरोप लगाइएको तर अनुसन्धान अघि बढेसँगै प्रतिवादीको सङ्ख्या बढ्न सक्ने बताउनुभयो।

"भर्चुअल मिटिङमा ५७७ जना सहभागी भएका थिए। हामी उनीहरूको भूमिकाबारे अनुसन्धान गरिरहेका छौं र यदि षडयन्त्रमा संलग्न भएको पाइएमा उनीहरूमाथि मुद्दा चलाइनेछ," उहाँले भन्नुभयो।

यस वर्षको सुरुमा संयुक्त राष्ट्रसङ्घको मानवअधिकार कार्यालयको एक प्रतिवेदनमा हसिनाको सरकारले गत वर्ष सत्तामा टिक्ने प्रयासमा प्रदर्शनकारीहरूमाथि सुनियोजित आक्रमण र हत्याका लागि जिम्मेवार रहेको उल्लेख गरेको थियो।

अहिले नोबेल शान्ति पुरस्कार विजेता ८४ वर्षीय मोहम्मद युनुसले बङ्गलादेशको नेतृत्व सम्हालिरहनुभएको छ। उहाँको कामचलाउ सरकारलाई सन् २०२६ को जुनमा हुने नयाँ निर्वाचनअघि लोकतान्त्रिक सुधारको कार्यान्वयन गर्ने जिम्मेवारी दिइएको छ।

# ‘कीटजन्य रोगको जोखिमबाट उमालेर वा शुद्धीकरण गरिएको पानी पिउने गरौँ’

काठमाडौँ, १५ चैत (रासस) ।

गर्मीयामको सुरुआत भएसँगै नेपालमा किटजन्य रोगहरूको जोखिम बढ्नसक्ने भएकाले विज्ञले सचेतना अपनाउन आग्रह गर्नुभएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रवक्ता डा प्रकाश बुढाथोकीले मन्त्रालयको साप्ताहिक ब्रिफिङमा गर्मीमा कीटजन्य रोगको जोखिम बढ्ने र दूषित पानीका कारण विभिन्न सङ्क्रमणहरू फैलने जोखिम हुने बताउनुभयो ।

उहाँले शुद्धीकरण नगरिएको पानी र दूषित खानाले झाडापखाला, टाइफाइड, जन्डिस र हैजाजस्ता रोगहरूको जोखिम बढाउनसक्ने बताउनुभयो । उहाँले त्यस्ता जोखिमबाट बच्न पानी उमालेर वा क्लोरिन झोलको प्रयोग गरी शुद्धीकरण गरेर मात्र प्रयोग गर्ने सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, “स्वच्छ, सफा र पौष्टिक आहार खाऔँ । प्रशस्तमात्रामा फलफूल तथा हरियो सागसब्जी सेवन गर्ने गरौँ । खाद्य पदार्थहरूलाई सुरक्षित तरिकाले भण्डारण गर्नुपर्छ । शौचालयमा मात्र दिसापिसाब गर्ने गरौँ ।”

त्यस अवसरमा प्रवक्ता डा बुढाथोकीले तापक्रम वृद्धि भएसँगै कीटजन्य रोगहरू जस्तै डेङ्गी, मलेरिया, जापानिज इन्सेफलाइटिसको पनि जोखिम बढ्ने बताउनुभयो । उहाँका अनुसार सङ्क्रमणबाट बच्न वरपरको वातावरण सफा राख्ने, लामखुट्टेको नियन्त्रण गर्न घर, कार्यालय, विद्यालय आदि वरपर पानी जम्न नदिने, लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गर्ने, झ्याल, ढोकामा जाली राख्ने तथा लामखुट्टे भगाउने धुपको प्रयोग गर्नुपर्छ ।

उहाँले हाल मौसममा आएको परिवर्तनसँगै रुघाखोकी, ज्वरोजस्ता लक्षणसहितका फ्लूका बिरामीहरुको चाप अस्पतालमा बढ्दै गएकाले फ्लूबाट बालबालिका, वृद्धवृद्धा, गर्भवती, दीर्घरोगीहरु बढी जोखिममा हुने भएकाले सावधानी अपनाउन आग्रह गर्नुभयो । “साबुनपानीले हात धुने, मास्कको प्रयोग गर्ने, काम नपरी भिडभाडमा जाने नगरौँ”,उहाँले भन्नुभयो ।

उहाँले स्वास्थ्यसँग सम्बन्धित कुनै जिज्ञासा वा गुनासो भए मन्त्रालयको हेल्लो स्वास्थ्य कल सेन्टर ११११५ मा बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म फोन गरेर वा इमेल गर्न पनि सकिने जनाउनुभयो । स्वास्थ्य मन्त्रालयले हरेक शुक्रबारको १ बजेर ३० मिनेटमा साप्ताहिक मिडिया ब्रिफिङ गर्दै आएको छ ।

# महिला र शिशुको कुपोषणमा काम गर्न स्वास्थ्यमन्त्रीको प्रस्ताव

काठमाडौँ, १५ चैत (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले नेपालमा गर्भवती तथा नवजात शिशुमा देखिएको कुपोषणमा कमी ल्याउनका लागि एक अमेरिकी परोपकारी संस्थासँग सहकार्यका लागि प्रस्ताव गर्नुभएको छ ।

फ्रान्सको पेरिसमा पोषणसम्बन्धी एक विश्व सम्मेलनमा सहभागिताका लागि त्यहाँ रहनुभएका मन्त्री पौडेलले अमेरिकी सहायता संस्था एलेनर क्रुक फाउन्डेसनका प्रमुख कार्यकारी तथा अनुसन्धान निर्देशक विलियम मुरसँग पेरिसस्थित नेपाली दूतावासमा वार्ता गर्दै उक्त आग्रह गर्नुभएको हो ।

नेपालमा अहिले गर्भवतीहरूलाई आइरन चक्की दिइन्छ । तर त्यसमा आइरन र फोलिक एसिड भए पनि अन्य विभिन्न १५ तत्व अभाव रहेको विज्ञहरूले बताउने गरेका छन् ।

गर्भवती तथा नवजात शिशु दुवैमा कुपोषणमा कमी ल्याउन अहिले खुवाइने आइरन चक्कीको साटो कमी देखिएका १५ वटै तत्वको मिश्रण दिने सरकारको तयारी छ । यसका लागि सहकार्य गर्न मन्त्री पौडेलले गरेको आग्रहमा अमेरिकी परोपकारी संस्थाले सकारात्मक प्रतिक्रिया दिएको छ । उसले सरकारलाई थप आवश्यक पर्ने बजेटको अध्ययन गरेर सघाउने गरी निकट भविष्यमा सम्झौता गर्न सकिने बताएको छ ।

“आर्थिक अभावमा मातृशिशु स्वास्थ्य हेरचाह कमजोर नहोस् भन्नका लागि हामीले स्रोतको पहिचानका लागि प्रयास गरिरहेका छौँ,” मन्त्री पौडेलले भन्नुभयो, “यो वार्ता त्यसैको एक कडी हो । छलफलबाट हामी उत्साही छौँ ।”

केही महिनाभित्रै सहकार्य गर्न सकिने गरी खाका बनेको भ्रमणमा सहभागी परिवार कल्याण महाशाखा प्रमुख डा विवेककुमार लालले बताउनुभयो । उहाँले भन्नुभयो, “नेपालको मातृशिशु कुपोषण सुधारमा सकारात्मक पहल भएको छ ।”

नेपाली उद्योगलाई समेत पोषक तत्वमिश्रित सामग्री उत्पादनमा सहकार्य गर्न मन्त्री पौडेलले गरेको अनुरोधमा समेत सकारात्मक प्रतिक्रिया संस्थाले दिएको छ । नेपालमा कुपोषणका कारण हुने मातृशिशु मृत्युदर कम गर्न गर्भवतीलाई दिइने पोषक तत्वको भूमिका महत्वपूर्ण हुने भएकाले यसमा हुने सुधारले महत्वपूर्ण अर्थ राख्ने डा लालले बताउनुभयो ।

# ‘नेपाल टेलिकमले गुनासो नआउने गरी सेवा प्रवाह गर्नुपर्छ’

मोरङ, १५ चैत (रासस) ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नेपाल टेलिकमले जनताको गुनासा नआउने गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभएको छ ।

नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठन कोशी प्रदेश समितिको १२औँ प्रदेश अधिवेशनको आज यहाँ उद्घाटन गर्दै उहाँले टेलिकमलाई स्तरोन्नति, विश्वसनीय र प्रतिस्पर्धी बनाउन प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मुख्यमन्त्रीले भन्नुभयो, “टेलिकमसहित मुलुकका अन्य सार्वजनिक संस्था बलियो, गुणस्तरीय सेवा दिने र सक्षम भएमा राष्ट्रले समृद्धि हासिल गर्नेछ ।” उहाँले आगामी वैशाख १ गतेदेखि प्रदेश सरकारले मनाउने ‘पर्यटन भ्रमण वर्ष’को अवधिभर टेलिकमले आफ्नो ‘रिङटोन’मार्फत प्रदेशभरिका पर्यटकीयस्थलको जानकारी दिँदै विदेशी पर्यटकलाई अस्थायी सिम वितरण गरी सहयोग गर्न आग्रह गर्नुभयो ।

मुख्यमन्त्री कार्कीले प्रदेशका पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्दै विकास र रोजगारीका अवसर सृजना गर्न सकिने धारणा राख्दै यसका लागि प्रदेश लगानी सम्मेलनको आवश्यक प्रचारप्रसार गर्न सबैलाई आग्रह गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) कोशीका अध्यक्ष घनश्याम खतिवडा र नेता विनोद ढकालले टेलिकमले कर्मचारीको हकहित र जनतालाई गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने सुझाव दिनुभयो ।

सङ्गठनका प्रदेश अध्यक्ष सुमित ओझा, केन्द्रीय उपमहासचिव गोविन्द ढुङ्गानाले अधिवेशनले विगत कार्यको समीक्षा तथा आगामी दिनमा गर्नुपर्ने कार्यदिशा अवलम्बन गर्ने बताउनुभयो ।

# विद्यालय शिक्षा विधेयक तत्काल अघि बढाउन आग्रह

काठमाडौँ, १५ चैत (रासस) ।

विभिन्न राजनीतिक दलका प्रमुख सचेतकहरुले विद्यालय शिक्षा विधेयक द्रुत गतिमा अघि बढाउन सम्बन्धित समितिसमक्ष अनुरोध गर्नुभएको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापासहितको छलफलका क्रममा प्रमुख दलका प्रमुख सचेतकले उक्त आग्रह गर्नुभएको हो ।

साथै उहाँहरुले त्यसमा आफ्नो दलको पूर्ण सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको छ । त्यस अवसरमा मन्त्री भट्टराईले सो विधेयक शीघ्र टुङ्गोमा पुर्‍याउन उपसमितिमार्फत काम भइरहेको उल्लेख गर्दै सहयोगका लागि सबै दलसँग आग्रह गर्नुभयो ।

त्यसअवसरमा शिक्षक आन्दोलनका विषयमा समेत छलफल भएको थियो । सहभागी प्रमुख सचेतकहरुले शिक्षकहरूसँग यसअघि सरकारले गरेका सम्झौताहरूलाई विधेयकमा सम्बोधन गर्न सुझाव दिनुभयो ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा हाल दफावार छलफल भइरहेको छ । समितिका सभापति थापाले यस विषयमा थप छलफल गरी विधेयकलाई अन्तिम रूप दिने प्रक्रिया अघि बढाउने जानकारी दिनुभयो ।

छलफलमा नेपाल कम्युनिष्ट पार्टी(एमाले)का मुख्य सचेतक महेश बर्तौला, नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे, नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)का प्रमुख सचेतक हीतराज पाण्डे र राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारलगायत सहभागी हुनुहुन्थ्यो ।

# ‘खेलकुदको विकास गर्न मधेस प्रदेश प्रयासरत’

जनकपुरधाम, १४ चैत (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले नागरिकको जीवनमा खेलकुद तथा अनुशासनको महत्वपूर्ण भूमिका रहेकाले मधेस प्रदेशमा खेलाडीलाई प्रोत्साहन गर्न तथा खेलकुदको विकासका लागि आफ्नो सरकार प्रयासरत रहेको बताउनुभएको छ ।

‘प्रथम आइजिपी कप क्रिकेट प्रतियोगिता’मा प्रथम स्थान हासिल गरेको मधेस प्रदेश प्रहरीको क्रिकेट टोलीलाई बिहीबार जनकपुरधाममा आयोजित समारोहमा सम्मानका साथ प्रशंसापत्र प्रदान गर्दै मुख्यमन्त्री सिंहले मधेस प्रदेश सरकारको खेलकूदसम्बन्धी ऐन प्रदेश संसद्बाट पारित भइसकेको जानकारी दिनुभयो । प्रदेशका खेलाडीले क्रिकेट तथा फुटबल खेलमा प्राप्त गरेको सफलताको उहाँले प्रशंसा गर्नुभयो ।

मधेस प्रदेश अहिले खेलकुदमा धेरै अगाडि बढेकाले आफ्नो सरकारले त्यसको विकास तथा प्रोत्साहनका लागि खेलडीलाई रोजगारी दिने तथा प्रदेशअन्तर्गतका खेलकुद रङ्गशालाको स्तरोन्नति गर्नतर्फ ध्यान दिएको मुख्यमन्त्री सिंहको भनाइ थियो ।

मधेस प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयद्वारा आयोजित सो सम्मान समारोहमा प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले खेलाडीको बिमा गर्ने तथा मधेसमा हुने खेलकुद प्रतियोगितालाई संरक्षण गर्नतर्फ लागिपरेको बताउनुभयो ।

सो अवसरमा नेपाल प्रहरी मधेस प्रदेश कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक लालमणि आचार्यले प्रहरीले शान्तिसुरक्षाको सवालमा महत्वपूर्ण कार्य गरिरहेको जानकारी दिँदै नेपाल प्रहरीले खेलकुदका साथै अनुशासन तथा सामाजिक कार्य गर्दै आएको बताउनुभयो ।

# हवाई टिकटमा लगाइएको कर हटाउन माग

काठमाडौँ, १५ चैत (रासस)।

हवाई टिकटमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउन पर्यटन व्यवसायीले माग गरेका छन् । नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) ले हवाई टिकटमा लगाइएको करबारे व्यवसायी एवं सरोकारवालासँग गरेको अन्तरक्रियाका क्रममा वक्ताले हवाई टिकटको भ्याट हटाएर अरू विकल्प खोज्न सुझाव दिएका हुन् ।

साथै व्यवसायीले हवाई भाडा महँगो भएकै कारण विदेशबाट नेपाल आउन लागेका नेपाली नागरिकहरू विदेशी एयरलाइन्सको प्रयोग गर्न बाध्य भएको भन्दै नेपाल आगमनलाई सहज बनाउन आग्रह गरे । टिकट महँगिएकै कारण नेपाल आगमन हुने विदेशी पर्यटकमा असर परेको व्यवसायीको दाबी छ ।

नेपाल वायु सेवा सञ्चालक सङ्घका अध्यक्ष मनोज कार्कीले हवाई टिकटमा लगाइएको भ्याटले एयरलाइन्सलाई समेत असर परेको र हवाई यात्रु महँगो टिकट खरिद गर्न बाध्य भएको बताउनुभयो । हवाई उड्डयन मात्र नभई पर्यटनका अन्य व्यवसायमा पनि यसको प्रत्यक्ष असर परेको उहाँको भनाइ छ ।

नेपाल पर्वतारोहण सङ्घका वरिष्ठ उपाध्यक्ष ठाकुरराज पाण्डेले समग्र पर्यटन क्षेत्रमा लगाइने करको नीतिगत रूपमा सहज बनाइनुपर्ने धारणा राख्नुभयो । उहाँले आगामी आर्थिक वर्षको बजेटमा हवाई क्षेत्रलगायत पर्यटनका अन्य व्यवसायमा समेत लगाइने करमा हेरफेर गरिनुपर्नेमा जोड दिनुभयो ।

नाट्टाका पूर्वअध्यक्ष मधु आचार्यले सरकारले हवाई टिकटमा लगाएको करलाई हटाएर अन्य विकल्प खोज्न सुझाउनुभयो । छिमेकी मुलुक भारतमा आन्तरिकमा पाँच प्रतिशत र विजनेस क्लासको टिकटमा १२ प्रतिशत कर लगाएको उदाहरण दिँदै नेपालको सन्दर्भमा कर व्यावहारिक नभएको दाबी गर्नुभयो । “हवाई टिकट महँगो भएकै कारण विदेशी पर्यटक आगमन खुम्चिएको छ,” उहाँले भन्नुभयो, “पर्यटक आकर्षण गर्न हवाई टिकटमा भ्याट हटाएर अरू उपाय खोज्नु उपयुक्त हुन्छ ।”

रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेबान) का अध्यक्ष सङ्घर्ष बिष्टले हवाई टिकट महँगो भएकाले नेपाल आउने विदेशी पर्यटक पनि खुम्चिएको बताउनुभयो । भ्याटले व्यावसायिक वातावरण नबनेको तथा समग्र व्यवसायमा असर परेको दाबी गर्नुभयो । सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमार्फत हवाई टिकटमा भ्याट लाग्ने व्यवस्था गरेको थियो ।


नागरिकले पाउने सामाजिक सुरक्षा भत्ताहरू

- जेष्ठ नागरिक भत्ता,
- अन्य जेष्ठ नागरिक भत्ता,
- एकल महिला भत्ता ,
- विधवा भत्ता,
- पूर्ण अपाङ्गता भत्ता,
- अति अशक्त अपाङ्गता भत्ता,
- बाल पोषण भत्ता,
- लोपन्मुख जाति भत्ता ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आफ्नो स्थानीय तहमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*